प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

## राष्ट्रिय भूमि आयोगलाई लालपूर्जा वितरण गर्ने लगायतका सम्पूर्ण कार्यहरु स्थगित गर्न र नेपाल सरकार, प्रदेश सरकार, तथा स्थानीय तहलाई वैदेशिक भ्रमण नगर्न नगराउन आयोगको निर्देशन

मिति : २०७९।५।३०

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन संवत् २०७९ मङ्सिर ४ गते आइतबारका दिन एकै चरणमा हुने गरी घोषणा भई निर्वाचनको तयारीका कार्यहरू भइरहेको साथै प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यालय स्थापना भई यहि मिति २०७९ आश्विन २ र ३ गते उम्मेदवार मनोनयनको लागि बन्दसूची पेश गर्ने कार्यक्रम र क्रमशः निर्वाचनका अन्य कार्यक्रमहरू सञ्चालन हुने गरी राजपत्रमा सूचना प्रकाशित भइसकेको सन्दर्भमा आसन्न निर्वाचनमा स्वच्छता र निष्पक्षता कायम राख्न निर्वाचन सम्पन्न नभएसम्मका लागि आफु र आफ्नो मातहतबाट हुने र भइरहेका जग्गा वितरण सम्बन्धी निवेदन लिने, जग्गा नापजाँच गर्ने र जग्गाको निस्सा तथा लालपूर्जा वितरण गर्ने लगायतका सम्पूर्ण कार्यहरु तत्काल स्थगित गरी सोको यथार्थ जानकारी दुई दिनभित्र निर्वाचन आयोगलाई दिन राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौंलाई निर्देशन दिएको छ ।

त्यसैगरी सम्बन्धित आयोजक तथा प्रायोजकबाट सम्पूर्ण खर्चहरू बेहोर्ने गरी स्वीकृत गरिने वैदेशिक भ्रमण बाहेक नेपाल सरकारलाई प्राप्त हुने अनुदान तथा सहयोग रकमबाट र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कोषबाट कुनै पनि रकम खर्च हुने गरी गरिने वैदेशिक भ्रमण नगर्न नगराउन नेपाल सरकार, ७ (सात) वटै प्रदेश सरकार र ७५३ (सात सय त्रिपन्न) वटै स्थानीय तहहरूलाई निर्देशन दिएको छ ।

२०७९।०५।३०

( शालिग्राम शर्मा पौडेल )

सहसचिव एवम् प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"